# चामुण्डाबिन्द्रासैनी नगरपालिका
## जम्बुकाँध, दैलेख
## कर्णाली प्रदेश, नेपाल

## पद वहालीको १०० दिन अवधिमा भएका मुख्य कार्यहरु

२०७९ वैशाख ३० गते स्थनीय तहको निर्वाचन सम्पन भयो। यो निर्वाचन सम्पन्न भए पश्चात यस चामुण्डाबिन्द्रासैनी नगरपालिकामा नगर प्रमुख श्री गणेश कुमार शाही ज्युको नेतृत्वमा स्थानीय सरकार गठनको प्रकृया पुरा भयो र पद वहालीको १०० दिन अवधिमा सम्पन्न भएका प्रमुख कार्यहरु देहाय बमोजिम रहेका छन्।

**भूमिका**

सम्पूर्ण नगरवासीहरुले हामीलाई सुम्पिएको जिम्वेवारी प्रति हामि कत्तीको बफादार भई काम गरिरहेका छौं भन्ने कुराको मूल्याङ्कन गर्न यो समय उपयूक्त नभएता पनि हामीले प्राप्त गरेका उपलब्धिहरु १०० दिन पार गर्दा सम्म के कति भए त्यसको लेखाजोखा तथा समिक्षा गर्न आफ्नो काम, कर्तव्य र अधिकारले दिए सम्म सजक भएर गर्यौं। वास्तवमा यो १०० दिने यात्राको समिक्षा हामि आफैले गर्ने भन्दा पनि आम नगरवासीहरुको जनजीविकामा भएको परिवर्तनको अनुभुतिले बढी अर्थपूर्ण राख्दछ। अन्यथा हामिले गरेका समिक्षाले दिएको सूचि बनाउँदैमा हामि सफल भएको आँकलन गर्न सक्दैनौं। त्यसैले हामिले हाम्रो मनमा लागेका १०० दिन पार गर्दा जनताका वास्तविक समस्या सङ्ग हातेमालो गर्दै समाधान उन्मुख थोरै परिवर्तित कार्यहरुको थालनि भएको कुरा सम्झन उचित हुन्छ जस्तो लाग्दछ।

**१.वडावडामा सामाजिक सुरक्षा भत्ता वितरण:**

अशक्त र जीवनको उत्तरार्धमा पुगेका आमाबुवाहरुलाई दिदै आएको जेष्ठनागिरक भत्ता यस नगरपालिकाको नेपाल एस बी आई बैंक मार्फत जम्बुकाँधमा गई घण्टौं लाइन बसी भत्ता प्राप्त गर्नुपर्ने असहज परिस्थितिलाई मध्ये नजर गर्दै हामीले पाएको जिम्मेवारी र घोषणा गरेका प्रतिवद्दता प्रति उत्तरदायी भई प्रत्येक वडाबाट प्रदान गर्ने व्यवस्था गरेकाछौं। पहिलो चरणमा ४,५ र ६ वडावासीलाई सो सेवा दिन नसकेता पनि अगामी दिनहरुमा सवै वडाहरुमा दिने व्यवस्था गर्नुका साथै एकल महिला, अपाङ्ग, पोषण भत्ता पनि वडाहरुबाटनै दिने व्यवस्था मिलाउनेछौं।

**२. टोल फ्री नम्बरको व्यवस्था:**

नगरपालिका अन्तर्गत हुने गरेका सम्पूर्ण काम कार्वाही चुस्तदुरुस्त र पारदर्शी भए नभएको जनतालाई कोहि कसैबाट दुःख, पिडा दिने अमानवीय व्यवहार गरेको, महिला हिंसा, घरेलु हिंसा जस्ता जगन्य अपराध, विद्यालयमा हुने गरेका अनियमितताका घटना प्राकृतिक प्रकोप र विपद् व्यवस्थापनका लागि तथा जनताको नगर प्रमुख सङ्ग प्रत्यक्ष पहुँच पुग्रको लागि हामिले टोलफ्री नम्बरको व्यवस्था गरेका छौं र हाल नगर भित्रहुने घटनाको दैनिक आउने ५०० वटा जनगुनासोहरुका तत्काल समस्या समाधान भएका छन्।

**३. राष्ट्रिय भूमि आयोग संग सम्झौता:**

यस नगरपालिका भित्र भएका अव्यवस्थित बसोवास लाई व्यवस्थित गर्न सुकुम्वासीको समस्यालाई समाधान गर्न, तीन पुस्ता सम्म कुनै पनि जग्गा धनि प्रमाणपत्र नभएकाहरुको उचित व्यवस्था गर्नका लागि सम्पूर्ण नगरवासीहरुलाई यस नगरको स्वामित्व हस्तान्तरण गर्नको लागि राष्ट्रिय भूमि आयोगसंग सम्झौता गरी तथ्यांक संकलनको लागि काम अगाडी बढाई रहेकाछौं।

**४. अस्थायी प्रहरी चौकी स्थापना:**

हाम्रो नगर भित्र एउटा मात्र प्रहरी चौकी भएको र सो प्रहरी चौकीले सम्पूर्ण क्षेत्रमा सेवा दिन नसकी वडा नम्बर १,२,३ र ४ लाई पानिपोखरी प्रहरी चौकी भैरविले हाल हेरीरहेको अवस्थामा शान्ति सुरक्षालाई ध्यानमा राखी चामुण्डाबिन्द्रासैनी नगरपालिका वडा नम्बर ३ देउरालीमा अस्थायी प्रहरी चौकी स्थापनाको लागि लगभग ८० प्रतिशत काम पुरा भईसकेको छ।

**५. शैक्षिक गुणस्तरमा हाम्रो अभियान:**

यस नगर भित्र विगत देखि वर्तमान सम्म शैक्षिक गुणस्तर खस्कंदो अवस्थामा रहेको तथ्य सर्वविधितै छ, हाम्रो अधिकारले दिए सम्म आगामी दिनहरुमा शैक्षिक जगतलाई कसरी सुदृढ गर्न सकिन्छ भनेर तपसशल बमोजिमका कार्यक्रमहरु गरी भावि योजना तयार पारिएको छ।

- नगरपालिकाका अन्तर्गतका विद्यालयहरुको आवश्यक गुणस्तर विकास व्यवस्थापनका लागि नगरपालिका भित्रका प्रधानाध्यापक र शिक्षाविद हरुको संयूक्त २ दिने कार्यशाला गोष्टि सञ्चालन गरी ३० बुँदे घोषणापत्र जारी गरी कार्यान्वयनमा अगाडि बढेको छ।
- नगर शिक्षा ऐन २०७९ र नगर शिक्षा नियमावली २०७९ निर्माण गरी कार्यान्वयन गरिएको।
- विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि नगर करार शिक्षक र विद्यालय कर्मचारीको दरवन्दि सृजना गरिएको।

➢ विद्यालय अनुगमन र नियमनलाई अगाडि बढाईएको छ ।

**६. मजुवा खानेपानी व्यवस्थापन तर्फ :**

हाल हाम्रो नगरपालिका भित्र खानेपानिको अवस्था साह्रै भग्नावेस अवस्थामा रहेको र जनता सहजरुपमा खानेपानी बाट बन्चित भएकाले हाम्रो रणनैतिक योजना अनुरुप मजुवा खानेपानिलाई व्यवस्थित गरी डौंसुर सम्म सहज खानेपानि व्यस्थापनको कार्य तदारुकताका साथ अगाडी बढाएका छौं । सोहि कार्य अनुरुप हाल हाम्रा १०० दिन बित्दै गर्दाको अवस्था सम्म जम्बुकाँध बजार सम्म पानि पुगेको र जम्बुकाँध बजार तथा आसपासका क्षेत्रमा धाराको लागि सर्वेक्षण भईरहेको कुरा जानकारी गराउँदछौं ।

**७. सार्वजनिक सेवा प्रवाह :**

यो सन्दर्भले अंझैपनि वास्तवमा सहि के हो भन्ने एक किसिमको धर्मसंकट हुन्छ तर अन्तिममा के लाग्छ भने आफुले पाएको जिम्मेवारी पुरा गर्न भावनात्मक मात्रै भएर हुँदैन । नगरपालिकामा भए गरेका कामहरुको चुस्तदुरुस्त र पारदर्शि ढंगले भए नभए विगतमा जनताका काम गर्दा असन्तुष्टिलाई मध्यनजर गर्दै तत्काललाई जति आवस्यक कर्मचारीहरु बाहेक बढीको कार्यसम्पादन मूल्याङ्कलनको आधारमा अगामी दिनमा अवश्यकताको आधारमा पून काममा लगाउने छौं । हुनसक्छ हामीले काम गर्दैगर्दा केहि समयको लागि मानिसहरुमा मानिसक विचलन आउन सक्छ तर भावि दिनहरुमा तिनलाई पनि उचित व्यवस्थापन गर्ने जमर्को गर्ने छौं ।

**८. नगर प्रमुख नागरिक सुरक्षा कार्यक्रम र बेसाहारा संग नगर प्रमुख कार्यक्रम सञ्चालन :**

६० वर्ष देखि ६७ वर्ष उमेर समुहका नागरिकहरुले कुनै पनि सरकारी सुविधा नपाउने र कुनै पनि काममा लगाउन सरकारी नियमानुसार नपाउने भएकाले त्यस्ता नागरिकहरुको जीवन सुरक्षाका लागि नगर सरकारले नगर प्रमुख नागिरक सुरक्षा कार्यक्रम मार्फत उचित प्रवन्ध गर्ने व्यवस्था लागु गर्ने निर्णय गरेका छौं ।

**९. सहज रुपमा यातायात सञ्चालन :**

विगत वर्षहरुमा वर्षातका समयमा वडा नं २ को चाल्ने चौतारा सम्म सहजरुपमा यातायात सञ्चालन नभई बन्द हुने अवस्थालाई चिरदै हामीले प्राप्त गरेको जिम्मेवारी देखि हाल सम्म सम्पूर्ण नगरवासीले साङ्गेतडा देखि चाल्नेचौतारा पुनडाँडा सम्म सहज तरिकाले आवतजावत गर्ने वातावरण सृजना गरेका छौं । आगामी दिनहरुमा साङ्गेतडा, बडाला, बुडेली हुँदै चाल्नेचौतारा पुनडाँडा सडकको स्तरउन्नती गरी यातायात सेवा लाई बाह्रै महिना सहज हुने वातावरण सृजना गर्ने योजना तयार पारेका छौं ।

**१०. स्वास्थ्य क्षेत्र तर्फ :**

समग्र कर्णाली प्रदेश नै स्वास्थ्य क्षेत्रमा पछाडी रहेके कुरा जगजाहेर नै छ । त्यसै माथि हाम्रो जस्तो भौगोलिक विकटताले घेरिएको सानो पालिकाले स्वास्थ्य क्षेत्रमा आमुल परिवर्तन गर्न गाह्रो छ तर पनि हाम्रो सामर्थ्यले भ्याय सम्म हामीले हाम्रो कर्तव्य र जिम्मेवारीलाई मनन् गर्दै तत्काल गर्न सकिने कामहरु र भावि योजना बनाएर गर्न सकिने कामहरु केहि गरेका छौं । जस्तो विभिन्न रोगले ग्रसित विरामीहरु जो आर्थिक अभावका कारण स्वास्थ्य लाभ लिनबाट बन्चित भएकाछन् त्यस्ता विरामीहरुको रोगको प्रकृति हेरी के कसरी उपचार गर्न सकिन्छ भनि विभिन्न अस्पतालहरुमा सिफारिस गरी पठाएका छौं । केहि विरामीहरु उपचार गरी घर फर्कि सकेकाछन भने केही विरामीहरु उपचाररत नै छन् । त्यस्तै कर्णाली प्रदेश मै सबैभन्दा जटिल समस्या भनेको सुत्केरी समस्या नै हो । समयमा नै उपचार नपाएर आमा र बच्चा दुबैको ज्यान जानेको संख्या पनि थुप्रै छ । यस्तै प्रकृतिको घटना हाम्रो पालिकामा नदेखिएको होइन तर पनि हाम्रो सम्पर्कमा आएका जोजती सुत्केरी महिलाहरु छन तिनीहरुको अवस्था हेरेर यहि नै उपचार हुन सक्ने यही भएका छन भने ति मध्ये तीन जना गर्भवती महिलाहरु लाई राष्ट्रपति महिला उत्थान कार्यक्रम संगको समन्वयमा समयमानै उद्धार गरी अस्पतालहरुमा पठाईएको छ र स्वास्थ्य चौकीमा सुत्केरी हुने महिलाहरुलाई हातहातमै सुत्केरी भत्ता दिने परिपाटी सृजना गरेका छौं ।

**११. कानुन निर्माणको क्षेत्र :**

नगरपालिकाबाट सम्दापन हुने कामहरुमा प्रभावकारीता ल्याउन देहाय बमेजिमका ऐन, नियमावली तथा कार्यविधि निर्माण गरी स्विकृत भएकाछन

➢ चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर शिक्षा ऐन २०७९

➢ चामुण्डाविन्द्रासैनीको नगरपालिकाको नगर शिक्षा नियमावली २०७९

➢ चामुण्डाविन्द्रासैनी नगरपालिकाको खेलकुद विकास सञ्चालन कार्यविधि २०७९

➢ चामुण्डाविन्द्रासैनी नगरपालिकाको मातृ तथा नव सिशु अकस्मिक कोष सञ्चालन कार्यविधि २०७९

➢ चामुण्डाविन्द्रासैनी नगरपालिकाको घरजग्गा बाहाल सम्वन्धि कार्यविधि २०७९

➢ उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि २०७५ दोस्रो संशोधन २०७९

➢ टोलफ्री नम्बर सञ्चालन कार्यविधि २०७९

➢ विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि संशोधन २०७९

..........................

गणेश कुमार शाही

नगर प्रमुख

**"दिगो विकासका लागि पुर्वाधार, कृषि, स्वास्थ्य, शिक्षा र रोजगार,समृद्ध चामुण्डाबिन्द्रासैनी नगर निर्माणको मूल आधार"**
Email;info@chamundabindrasainimun.gov.np/ito.chamundabindrasainimun@gmail.com,
Website:www.chamundabindrasainimun.gov.np